# टीकापुर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : २ संख्या : २० मितिः २०७७/०३/१७

भाग - ३

## टीकापुर नगरपालिकाको
## विस्तृत योजना तर्जुमा सम्बन्धि कार्यविधि, २०७६

प्रस्तावना: स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११,१२,१४,१५ र २४ को अधिनमा रहि दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नागरिकहरुको सहभागितामा व्यवस्थित र प्रभावकारी रुपमा नगरपालिको विस्तृत योजना (Comprehensive Plan) तर्जुमा गर्ने सम्बन्धमा आधारभुत प्रक्रिया र विधि निर्धारण गर्न, टीकापुर नगर कार्यपालिकाले यो कार्यविधि वनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम टीकापुर नगरपालिकाको "विस्तृत योजना तर्जुमा सम्बन्धी कार्यविधि २०७६" रहेको छ।

(२) यो कार्यविधि नगर कार्यापालिकाले पारित गरे पश्चात स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "उप-समिति" भन्नाले नगरपालिकाको विस्तृत योजना तर्जुमाका लागि नगरपालिका द्वारा गठित विषयगत समिति अन्तर्गतको उप-समिति सम्झनु पर्छ।

(ख) "कार्यदल" भन्नाले नगरपालिकाको विस्तृत योजना तर्जुमाको लागि वडा स्तरमा नागरिक तथा नागरिक स्तरका सरोकारवाला निकायका प्रतिनिधिहरू सम्मिलित विषयगत कार्यदल सम्झनु पर्छ।

(ग) "कार्यपालिका" भन्नाले टीकापुर नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(घ) "कार्यविधि" भन्नाले नगरपालिकाको विस्तृत योजना तर्जुमा कार्यविधि २०७६ सम्झनु पर्छ।

(ङ) "नगरपालिका" भन्नाले टीकापुर नगरपालिकालाई सम्झनु पर्छ।

(च) "नागरिक केन्द्रित छलफल" भन्नाले विस्तृत योजना तर्जुमाको क्रममा नगरपालिकाको कुनै वडा भित्र स्थायी वा अस्थायी रुपमा वसोवास गर्ने र नगरपालिकाको सेवा सुविधा उपयोग गर्ने नेपाली नागरिकहरू उपस्थिति भइ सम्वन्धित विषय वस्तुमा आफुलाई लागेको वा भोगेको कुरालाई समुहगत रुपमा (Focus Group) अभिव्यक्त गर्न पाउने खुला छलफललाई सम्झनु पर्छ।

(छ) "नागरिक सल्लाहकार परिषद" भन्नाले विस्तृत योजना तर्जुमा, परिमार्जन र योजना कार्यान्वयन गर्ने प्रयोजनका लागि यस कार्यविधि बमोजिम नगरपालिकामा गठित विषयगत विज्ञता भएका नागरिक तथा सरोकारवालाको प्रतिनिधिमुलक समिति वा सल्लाहकार समुहलाई सम्झनु पर्छ।

(ज) "योजना" भन्नाले नगरपालिकाको आफ्नो भूगोलभित्र भौतिक, आर्थिक, सामाजिकर मानवीय विकासको लागि नागरिकको सहभागितामा तयार गरेको दीर्घकालीन, मध्यमकालीन र अल्पकालीन योजना सहितको विस्तृत योजनाको खाका सम्झनु पर्छ ।

(झ) "वडा समिति" भन्नाले संविधानको धारा २२३ को उपधारा (४) मा व्यवस्था भए वमोजिमको निर्वाचित वडा समिति सम्झनु पर्छ ।

(ञ) "विषयगत समिति" भन्नाले विस्तृत योजना तर्जुमाको लागि गठित विषयगत समितिलाई सम्झनु पर्छ । र सो शब्दले नगरपालिकाको विषयगत समिति वा शाखालाई समेत जनाउने छ।

(ट) "सामाजिकअभियान्ता" भन्नाले समाजको विकासको लागि स्वतस्फुर्त रुपमा सामाजिक कार्यमा क्रियाशील व्यक्ति वा व्यक्तिहरूको अनौपचारिक समुहलाई सम्झनु पर्छ।

(ठ) "सामुदायिक संस्था" भन्नाले समुदायको हितको लागि प्रचलित कानून बमोजिम स्थापित संस्था, सामाजिकसमुह, सहभागितामुलक टोल विकास संस्था तथा उपभोक्ता समुह र सहकारी वा गैरसरकारी संस्थालाई सम्झनुपर्छ।

## परिच्छेद-२
## योजना तर्जुमा

**३. योजना बनाई कार्यान्वयन गर्ने :**

(१) नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय र क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नेछ ।

(२) नगरपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधानको पूर्वानुमान, आयोजनाहरूको प्राथमिकीकरण, योजना कार्यन्वयन तालिका र अनुगमन मूल्याङ्कन योजना समेत तयार गर्नेछ।

(३) नगरपालिकाले योजना तर्जुमा गर्दा तात्कालीन, अल्पकालीन र दीर्घकालीन योजनाहरूको सूची बनाउनेछ।

(४) नगरपालिकाले योजना तर्जुमा गर्दा नेपाल सरकार, प्रदेश सरकारसंगको साझेदारीमा कार्यन्वयन गर्ने गरी योजनाको सूची तयार गर्न सक्नेछ।

(५) नेपाल सरकार तथा प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी सो कार्यान्वयन गर्न प्रक्रिया निर्धारण गरेकोमा नगरपालिकाले सोही प्रक्रिया बमोजिम सो कार्यक्रम कार्यान्वयन गर्नेछ ।

(६) नगरपालिकाले नेपाल सरकार वा प्रदेश सरकारसँगको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा कुनै योजना तर्जुमा, सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ ।

(७) नगरपालिकाले सङ्घीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्नेछ ।

(८) नगरपालिकाले योजना तर्जुमा गर्दा नागरिक केन्द्रित योजना तर्जुमा विधि अवलम्बन गर्नेछ।

(९) नगरपालिकाले योजना तर्जुमा गर्दा आवश्यकता अनुसार विषय विज्ञ तथा संस्थासंग सहकार्य गर्नेछ।

४. योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने विषय र प्राथमिकताहरू :

(१) नगरपालिकाले योजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासंग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायू परिवर्तन अनुकुलन, विपद व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशिकरण जस्ता अन्तर सम्बन्धित विषयलाई विशेष ध्यान दिनेछ।

(२) नगरपालिकाले योजना बनाँउदा देहायका विषयलाई प्राथमिकता दिनेछ।

(क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,

(ख) उत्पादन मूलक तथा छिटो प्रतिफल प्राप्त गर्ने,

(ग) जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने,

(घ) स्थानीय वासिन्दाहरूको सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

(ङ) स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,

(च) महिला, वालवालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

(छ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,

(ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने,

(झ) भाषिक तथा सांस्कृतिक पक्षको जर्गेर्ना र सामाजिक सदभाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने ।

५. योजना तर्जुमाका प्रमुख आधारहरू :

(१) नगरपालिकाले योजना तर्जुमा गर्दा नेपालको संविधानमा रहेका विभिन्न प्रावधानहरू एवं आर्थिक, सामाजिक वातावरणीय तथा राजनीतिक पक्षसंग सम्बन्धित विभिन्न ऐन, नियम र नीतिको कार्यान्वयन तथा उद्देश्य हासिल गर्ने पक्षलाई ध्यान दिई निम्न बमोजिमका आधार लिनेछ।

(क) नेपालको संविधान

(ख) विद्यमान ऐन, नियमहरू,

(ग) विद्यमान राष्ट्रिय तथा प्रादेशिक नीति, रणनीतिहरू

(घ) संघीय, प्रादेशिक र स्थानीय तहको दीर्घकालीन सोच

(ङ) संघीय, प्रादेशिक आवाधिक योजना

(च) दिगो विकास लक्ष्यहरू

(छ) संघीय तथा प्रादेशिक सरकारका मार्ग निर्देशन

(ज) स्थानीय तहको प्रमुख समस्या, सम्भावना र आवश्यकता,

(झ) स्थानीय तहका नीति, कानून र नियमहरू

(ञ) स्थानीय तहमा सहभागी दलहरूको घोषणापत्रहरू ।

(२) योजना तर्जुमा गर्दा अपनाइने प्रक्रिया, आधार, तर्जुमा गतिविधि, संलग्न जिम्मेवार निकाय र समयावधि सम्बन्धि अन्य व्यवस्था यस कार्यविधिका अतिरिक्त राष्ट्रिय योजना आयोगको योजना तर्जुमा प्रक्रियाका आधारमा

नगरपालिकाले तय गरेको स्थानीय योजना तर्जुमा दिग्दर्शनमा उल्लेख भए बमोजिमहुनेछ।

६. <u>नागरिकको अधिकतम सहभागिता सुनिश्चितता गर्ने</u> : नगरपालिकाले विस्तृत योजना तर्जुमा गर्दा स्थानीय बुद्धिजिवि, विषय विज्ञ, नागरिक अभियान्ता, सामाजिक संघ-संस्था, स्थानीय अनुभवी, पेशाविद, सिमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, वालवालिका, दलित समुदाय, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायत सरोकारवाला सबै पक्षको अधिकतम सहभागिता गराउनेछ।

७. <u>नागरिक केन्द्रित योजना तर्जुमा विधि</u> : नागरिक केन्द्रित योजना तर्जुमा गर्दा देहाय बमोजिमगर्नु पर्नेछ।

(क) योजना तर्जुमा गर्दा नगरपालिकाले आफ्ना विषयगत क्षेत्र र प्रमूख क्षेत्र अन्तर्गतका प्राथमिकताका उपक्षेत्रहरूको सुची तयार गर्नेछ।

(ख) योजना तर्जुमा गर्दा तलवाट माथितिर जाने पिरामिड प्रकृतिको प्रकृया अपनाईनेछ ।

(ग) योजना तर्जुमा प्रकृयामा कार्यपालिका, वडा समिति तथा विषयगत समितिका प्रमुख तथा प्रतिनिधिहरुको समन्वयकारी भूमिका रहनेछ ।

(घ) योजना तर्जुमा प्रकृयामा नागरिक र सरोकारवाला निकायहरुको सहभागिता र सहयोग स्वयंसेवी रहनेछ ।

(ङ) योजना तर्जुमा प्रकृयामा नगरवासी र सरोकारवालाको सक्रिय सहभागिताको लागि विषयवस्तु र आवश्यकता अनुसार टोलस्तरमा रहेका टोल सुधार समिति, संस्था, महिला समुह, उपभोक्ता समुह जस्ता समुदायमा आधारित संस्थालाई क्रियाशिल गराइनेछ।

(च) योजना तर्जुमा प्रक्रियामा वडास्तरमा विषयगत नागरिक कार्यदल रहनेछ। कार्यदलले नागरिक केन्द्रित खुल्ला छलफलको सञ्चालनमा सहिजकरण गरी विषयगत समस्याहरूको पहिचान गर्नेछ।

(छ) खुल्ला नागरिक छलफल कार्यक्रममा समुदायका सबै तह र तप्काहरु जस्तै महिला, दलित, जनजाति, अल्पसंख्यक समुदाय, किसान, मजदुर लगायतको प्रतिनिधित्व सुनिश्चित गराईनेछ ।

(ज) योजना तर्जुमाको क्रममा स्थानीय बुद्धिजिवी, समाजसेवी, विकास विद तथा विविध विज्ञहरुको विज्ञताको भरपुर सहयोग लिईनेछ ।

(झ) सबै वडामा हरेक विषयमा समुह केन्द्रित छलफल सञ्चालन गरिनेछ। समुह केन्द्रित छलफलमा उठेका विषयहरु र टोलस्तरवाट संकलन गरिएका हरेक विषयहरुको छुट्टा छुट्टै तालिकिकरण गरिनेछ ।

(ञ) हरेक वडावाट आएका योजनाहरुको विषयगत प्राथमिकतानुसार रोष्टर तयार गरी वडास्तरीय विषयगत सुची बनाइनछे र नगरपालिकामा पेश गरिनेछ।

(ट) नगरपालिकाले वडावाट प्राप्त विषयगत सुझावका आधारमा विस्तृत योजनाको दुरदृष्टी तय गर्नेछ।

(ठ) नगरपालिकाले वडास्तरवाट आएका सुचीलाई विभिन्न विषयगत समिति मार्फत विज्ञहरुसँग विस्तृत छलफल गर्नेछ र विषयगत एकिकृत मस्यौदा वनाउनेछ।

(ड) नागरिक स्रतवाट आएको राय र सुझावलाई समेत समेटेर तयार भएको एकिकृत मस्यौदालाई विषयगत समितिले योजना तर्जुमा समितिमा पठाउने छ।

(ढ) योजना तर्जुमा समितिमा आवश्यक छलफल गरि नगर कार्यपालिकामा पेश गर्नेछ।

(ण) एकिकृत योजनाको खाकालाई राय सुझावका लागी नगरपालिकाले वडास्तरीय नागरिक कार्यदल त नगरस्तीय नागरिक सल्लाहकार परिषदलाई उपलब्ध गराउने छ।

(त) कार्यपालिकामा पेश भएको एकिकृत मस्यौदालाई अन्तिम रुप दिनु अघि कार्यपालिकाले नागरिक केन्द्रित खुला छलफल गर्नेछ।

(थ) विस्तृत योजनामा आवश्यक छलफल तथा परिमार्जन गरी कार्यपालिकाले पारित गर्नेछ र नगरसभामा स्वीकृतिका लागि पेश गर्नेछ ।

(द) नगरसभाले स्वीकृत गर्नु अगाडि आवश्यक ठानेमा सभाले नागरिक संवाद गर्न सक्नेछ।

(ध) योजना तर्जुमा प्रकृयामा आवश्यकतानुसार विषय विशेषज्ञ तथा संस्थाहरुको सहयोग लिन र सहकार्य गर्न सक्नेछ।

८.<u>मार्गदर्शक योजनाको रुपमा रहने</u> : विस्तृत योजना नगरपालिकाको मार्गदर्शक योजनाको रुपमा रहनेछ। नगरपालिकाले वार्षिक, आवाधिक र अल्पकालिन योजना तर्जुमा गर्दा विस्तृत योजनालाई प्रमुख आधार मान्नेछ। नगरपालिकाले आफ्नो आवश्यकतानुसार समयसापेक्ष विस्तृत योजनालाई परिमार्जन गर्न सक्नेछ ।

## परिच्छेद-३

## संस्थागत संरचना एवं काम, कर्तव्य र अधिकार

९. सरोकारवालाको भूमिका :

(१) नागरिक केन्द्रित विस्तृत योजना तर्जुमा प्रक्रियामा नगरपालिकाको नेतृत्वदायी भूमिका रहनेछ ।.

(२) नगरपालिकाका अन्य सरोकारवाला निकाय र स्थानीय नागरिकको सक्रिय सहभागिता गराउन नगरपालिकाकाका विभिन्न विषयगत समितिहरु तथा विषयगत शाखाले सम्बन्धित विषयमा नेतृत्व तथा आवश्यक सहजिकरण र समन्वय गर्नेछन।

(३) नगरपालिकाभित्र रहेका सामुदायिक, निजी तथा गैरसरकारी संघ-संस्थाले समदुय परिचालन, सचेतना अभिवृद्धि तथा सुझाव संकलनमा सहकार्य र सहयोग गर्नेछन।

(४) नागरिक अभियन्ता र समाजका प्रवुद्ध व्यक्तिहरूले नागरिकलाई योजना तर्जुमा प्रकृयामा सक्रिय सहभागि गराउन र आम जनताका मुद्दाहरूलाई समावेश गराउन पहल गर्नेछन।

१०. समितिहरूको गठन :

(१) योजना निर्माण गर्दा नगरपालिकाले सरकारी, गैरसरकारी सरोकारवाला निकाय र नागरिकहरुको प्रत्यक्ष सहभागितामा पुर्ण लोकतान्त्रिक पद्धति र प्रकृया अवलम्वन गरी देहाय बमोजिमका छुट्टाछुट्टै नागरिक संरचनाहरु निर्माण गर्नेछ।

(क) **टोल स्तरीय सुझाव समिति :** टोलस्तरमा रहेका विभिन्न टोल सुधार समिति, टोल विकास संस्था र समुहलाई योजना तर्जुमा प्रकृयामा सक्रिय सहभागि गराइनेछ,

(ख) **नागरिक कार्यदल :** वडा तहमा विषयगत रुपमा नागरिकका समस्या र समाधानका विकल्पबारे सुचना संकलन गर्न नगरवासीको प्रतिनिधित्व हुनेगरी विषयगत योजना तर्जुमा नागरिक कार्यदल रहनेछ,

(ग) **नागरिक सल्लाहकार परिषद :** नगर तथा वडा स्तरमा योजना निर्माण प्रकृयालाई सहयोग, समन्वय तथा सहिजकरण गर्न तथा नगरपालिकालाई योजना तर्जुमाको क्रममा आवश्यक राय, सुझाव र सल्लाह प्रदान गर्नको लागि नगरपालिका स्तरको विज्ञ तथा नागरिक सम्मिलित नागरिक सल्लाहकार परिषद रहनेछ,

(घ) **विषयगत समिति र उपसमितिहरू :** योजना तर्जुमा प्रकृयामा आफ्नो क्षेत्रसंग सम्वन्धित सुचान संकलन, एकिकरण र विश्लेषण गरी योजना तर्जुमाको विषयगत कार्यको नेतृत्व नगर कार्यपालिकाको सम्वन्धित विषयगत समितिले गर्नेछ । सो समिति अन्तर्गत वडामा समेत आवश्यकता अनुसार विषयगत उपसमिति बनाउन सकिनेछ,

(ङ) **योजना तर्जुमा समिति :** नगर उपप्रमुखको संयोजकत्वमा रहेको नगरपालिकाको योजना तर्जुमा समितिले विस्तृत योजना तर्जुमाको समग्र प्रक्रियालाई एकीकृत गरी विस्तृत योजनाको मस्यौदालाई कार्यपालिकामा पेश गर्नेछ, एक विस्तृत योजना तर्जुमा समिति गठन हुनेछ,

(च) **विस्तृत योजना तर्जुमा निर्देशन समिति :** विस्तृत योजना तर्जुमाको समग्र प्रक्रियालाई समन्वय गर्न नगर प्रमुखको संयोजकत्वमा एक विस्तृत योजना तर्जुमा निर्देशन तथा समन्वय समिति रहनेछ,

(२) नगरपालिकाको विस्तृत योजना निर्माण कार्यमा नागरिक केन्द्रित संरचना पूर्ण स्वयंसेवी हुनेछ ।

११. विषयगत नागरिक कार्यदल गठन तथा काम, कर्तव्य र अधिकार :

(१) नगरपालिकाका प्रत्येक वडामा नागरिक तथा अन्य सरोकारवाला सम्मिलित वडास्तरीय विषयगत योजना तर्जुमा नागरिक कार्यदल गठन गरिनेछ ।

(२) वडास्तरीय नागरिकहरुको विषयगत योजना तर्जुमा कार्यदल गठन र काम कर्तव्य अधिकार निम्नानुसार हुनेछ।

(क) कार्यदलको गठन :

सम्बन्धित वडामा वसोवास गर्ने लब्ध प्रतिष्ठित समाजसेवी मध्येवाट वडा समितिले तोकेको - अध्यक्ष

वडाभित्र क्रियाशिल टोल विकास संस्था, सामाजिकसंघ-संस्था, उपभोक्ता समुह, महिला समुहका प्रतिनिधिबाट ४० प्रतिशत महिला प्रतिनिधित्व हुनेगरी कम्तिमा ५ जना -सदस्य

स्थानीय समाजसेवी तथा सम्वन्धित क्षेत्रमा क्रियाशिल व्यक्ति, विषय विज्ञ मध्येवाट कम्तिमा १ जना महिला सहित ३ जना - सदस्य

नोटः समिति गठन गर्दा फरक फरक टोल वा वस्ति वा भूगोल र समुदायवाट प्रतिनिधित्व हुनेगरी गर्नुपर्नेछ।

(ख) कार्यदलको काम, कर्तव्य र अधिकार :

(१) वडाभित्र विषयगत भेला सञ्चालन तथा सहिजकरण गर्ने,

(२) वडाभित्रका विषयगत समस्या, संभावना र आवश्कताहरु पहिचान गर्ने,

(३) वडाभित्रका विषयगत योजनाहरुको टिपोट गर्ने तथा तालिकिकरण गर्ने,

(४) सम्वन्धित विषयका समुदायको आवश्यकतानुसार सवैखालका योजनाहरुको संकलन गर्ने,

(५) वडा भित्रका विषयगत योजना तर्जुमाको छलफल कार्यक्रममा सवै वर्ग र समुदायका बढी भन्दा बढी नागरिकहरुको सहभागिताको सुनिश्चितता गर्ने,

(६) छलफलमा टोल/वस्तीका क्रियाशिल सामुदायिक संस्थाहरू(टोल विकास संस्था, महिला/आमा समुह, वाल क्लव/संजाल, युवा क्लव, स्थानीय गैर सरकारी संस्थाहरू, नागरिक सचेतना केन्द्र) लाई समेत सहभागी गराउने

(७) समुह केन्द्रित छलफलमा सहभागि हुने र सहजिकरण गर्ने ।

(ग) कार्यदलको बैठक तथा भेला सञ्चालन विधि र कार्यतालिकाः

(१) वडामा रहेका सबैलाइ पायक पर्ने कुनै सार्वजनिक स्थल, सामुदायिक भवन वा वडा कार्यालयको भवनमा कार्यदलको बैठकहरु सञ्चालन हुनेछ ।

(२) बैठक स्थलको व्यवस्थापन सम्बन्धित समितिका अध्यक्षले गर्नेछ ।

(३) अध्यक्षले बैठकको कार्यतालिका र छलफलका विषयहरु तयार गरी तिन दिन अगाडी नै जानकारी गराउनु पर्नेछ।

(४) वैठक सम्भव भएसम्म सार्वजनिक विदाको दिनमा संचालन गर्नुपर्नेछ। अन्य दिनमा गर्नुपरेमा विहान सञ्चालन हुँदा कार्यालय समय शुरु हुनु अगाडि वा दिउसो कार्यालय समय सकिएपछि संचालन गर्नुपर्नेछ ।

(५) बैठकमा टोल, समुदाय र विषयगत क्षेत्र नछुटने गरी दुरीका आधारमा प्रस्तुतिकरणको लागि समय निर्धारण गर्नुपर्नेछ ।

(६) बैठकमा सहभागिहरुले पालै पालो आफ्नो हात उठाएर आफ्ना धारणाहरु व्यक्त गर्न पाउने गरि समय व्यवस्थापन गर्नुपर्नेछ।

(७)बैठकमा उठेका विषयहरूलाई विषयगत रुपमा सुचिवद्ध गर्दै, प्राथमिकिकरण र अभिलेखिकरण गर्नुपर्नेछ।

(८) बैठकमा भएका निर्णयहरुलाई बैठक पुस्तिका बन्द गर्नु अगाडी सबै सहभागिहरुलाई पढेर सुनाउनु पर्नेछ ।

(९) कुनै पनि विषयमा निर्णय गर्दा बैठकमा निर्णयार्थ प्रस्तुत भएका विषयमा समितिका सबै सदस्यको सहमति भएमा सोही बमोजिम र फरक मत रहेमा सोको उल्लेख गरी निर्णय पुस्तिकामा अभिलेख राखुपर्नेछ।

(१०) सहभगितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ति वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ति तथा टोलस्तरीय योजनाको माग सङ्कलन, प्राथमिकीकरण तथा छनौट गर्ने कार्यमा विषयगत समिति र वडा कार्यालयले समन्वय, व्यवस्थापन, सहिजकरण र अनुगमन गर्नेछ ।

१३. <u>नागरिक सल्लाहकार परिषद (Citizen Advisory Council (CAC)) को गठन, काम कर्तव्य र अधिकार तथा संचालन विधि</u> :

(१) नगरपालिकामा विस्तृत योजना तर्जुमा गर्न आवश्यक सल्लाह, सुझाव प्रदान गर्न तथा सहजिकरण र समन्वय गर्न नागरिक तथा विज्ञ सम्मिलित एक नागरिक सल्लाहकार समिति गठन हुनेछ ।

(२) नागरिक सल्लाहकार परिषदको गठन प्रक्रिया, काम कर्तव्य र अधिकार तथा कार्यसंचालन विधि देहाय बमोजिम हुनेछ।

(क) नागरिक सल्लाहकार परिषद गठनः

नगरपालिका भित्रका स्थानीय लब्ध प्रतिष्ठित व्यक्तिहरू मध्येवाट नगरपालिकाले तोकेको एकजना - संयोजक

नगरपालिकाभित्र क्रियाशिल सामाजिकसंघ-संस्था, र सरोकारवाला निकायका प्रतिनिधिबाट १ महिला सहित ३ जना -सदस्य

स्थानीय समाजसेवी, शिक्षा-स्वास्थ्य क्षेत्रमा क्रियाशिल व्यक्ति, विषय विज्ञ मध्येवाट कम्तिमा १ जना महिला सहित ३ जना - सदस्य

नगरपालिकाका प्रत्येक वडाबाट योजना सम्बन्धि जानकारी रहेको व्यक्तिहरू मध्ये वडाध्यक्षको सिफारिसमा मनोनित १/१ जना नागरिक प्रतिनिधि -सदस्य

(ख) नागरिक सल्लाहकार परिषदको काम, कर्तव्य र अधिकारहरुः

(१) सम्वन्धित वडामा सञ्चालन हुने सर्वपक्षिय विषयगत भेलाहरुमा सहभागि हुनुे,

(२) नगर भित्रका विषयगत समस्याहरु पहिचान गर्न सहजिकरण गर्ने र विषयगत मस्यौदाको अध्ययन विष्लेषण गर्ने,

(३) वडाभित्रका विषयगत कार्यदलले संकलन गरि ल्याएका योजनाहरु उपर नगरपालिका स्तरको बैठकमा छलफल तथा सल्लाह, सुझाव दिने,

(४) योजना निर्माणका लागि नगरकार्यपालिका तथा वडा कार्यालयहरुसँग समन्वय गर्ने,

(५) नगरपालिकाको विषयगत समितिहरुसँग आवश्यक समन्वय र सहकार्य गर्ने,

(६) नेपाल सरकार तथा प्रादेशिक सरकारका योजनाको अध्ययन विश्लेषण गरी सो अनुरुप नगरपालिकाको योजना तर्जुमा गर्न आवश्यक सुझाव दिने,

(७) योजनाको मस्यौदा अध्ययन गरी नेपाल सरकारको नीति, लक्ष्य र मापदण्ड तथा स्थानीय आवश्यकता र प्राथमिकता अनुरुप नगरपालिकाको योजना तर्जुमा भए नभएको सन्दर्भमा आवश्यक सुझाव दिने,

(८) नगरपालिकाले आवश्यक ठानेको अवस्थामा नगर योजना, नीति र स्थानीय विकासको सन्दर्भमा आवश्यक राय दिने,

(९) नागरिक प्रतिनिधिको रुपमा नगरपालिकाका योजना र कार्यक्रमलाई अध्ययन गर्ने र योजना तर्जुमा परिमार्जन तथा कार्यन्वयनका चरणमा राय सुझाव प्रदान गरी नागरिक सल्लाहकारको भुमिका निर्वाह गर्ने,

(ग) नागरिक सल्लाहकार परिषदको बैठक सञ्चालनः

(१) नागरिक सल्लाहकार परिषदको बैठकहरु नगर कार्यपालिकाको भवनमा सञ्चालन हुनेछ ।

(२) नागरिक सल्लाहकार परिषदको बैठक स्थलको व्यवस्थापन परिषदको संयोजकले गर्नेछ ।

(३) नागरिक सल्लाहकार परिषदका संयोजकले बैठकको कार्यतालिका र छलफलका विषयहरु तयार गरी कम्तिमा ३ दिन अगाडी जानकारी गराउनुपर्नेछ।

(४) बैठक सम्भव भएसम्म सार्वजनिक विदाको दिनमा संचालन गर्ने । अन्य दिनको हकमा विहान सञ्चालन हुँदा कार्यालय समय शुरु हुनु अगाडि वा दिउसो कार्यालय समय सकिएपछि संचालन गर्नुपर्नेछ ।

(५) बैठकमा सहभागिहरुले पालै पालो आफ्नो हात उठाएर आफ्ना धारणाहरु व्यक्त गर्न पाउने गरि समय व्यवस्थापन गर्नुपर्नेछ।

(७) प्रत्येक वडावाट समितिका प्रतिनीधिहरु र उपसमितिका संयोजकलाई आफ्नो प्रस्तुतिकरणका लागि आवश्यकतानुसारको समय हुनेछ ।

(८) बैठकमा उठेका विषयहरूलाई विषयगत रुपमा सुचिवद्ध गर्नुपर्नेछ।

(९) बैठकमा भएका निर्णयहरुलाई बैठक पुस्तिका बन्द गर्नु अगाडी सबै सहभागिहरुलाई पढेर सुनाउनु पर्नेछ ।

(१०) कुनै पनि विषयमा निर्णय गर्दा बैठकमा निर्णयार्थ प्रस्तुत भएका विषयमा समितिका सबै सदस्यको सहमति भएमा सोहि बमोजिम र असहमत रहेमा सोको उल्लेख गरी निर्णय अभिलेखिकरण गर्ने ।

(११) बैठकको प्रस्ताव उपर छलफल हुँदा कुनै सदस्यको स्वार्थ अनुकुल हुने देखिएमा निजले उपस्थिति जनाएर पनि आफ्नो धारणा नराख्न सक्दछ, यस्तो अवस्था आउँदा निजले कारण सहित निर्णयमा सहमति वा विमति राख्नुको कारण बैठकमै उल्लेख गर्नुपर्दछ ।

(१२) नागरिक सल्लाहकार परिषदद्वारा तयार हुने सुझावहरु नगर विषयगत समितिले कार्यपालिकामा पेश गर्नेछ ।

१३. विषयगत समिति :

(१) कार्यपालिकाले योजना तर्जुमा कार्यलाई व्यवस्थित गर्न कुनै सदस्यको संयोजकत्वमा विषयगत समिति गठन गर्नेछ । वा, नगरपालिकामा रहेका विषयगत समितिले योजना तर्जुमाको लागि सम्वन्धित विषयको विषयगत समितिको रुपमा काम गर्नेछन।

(२) आवश्यकता अनुसार समिति अन्तर्गत प्रत्येक वडामा उप-समितिहरू गठन गर्न सक्नेछ।

(३) विषयगत समितिले कार्यदल र परिषदबाट आएको खाका तथा सुझावमा विस्तृत छलफल गरी योजनालाई कार्यपालिकामा पेश गर्नेछ।

(४) विषयगत समितिले विस्तृत छलफल गर्दा कार्यदल, उपसमिति, नागरिक सल्लाहकार समिति तथा अन्य संलग्न सरोकारवाला निकायका प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ।

(५) यसरी हुने छलफलमा विषयगत रुपमा छुट्टाछुट्टै प्रस्तुतिकरण र समुहगत छलफल हुनेछ।

(६) छलफलबाट आएका सुझावलाई समावेश गरी तयार गरेको विस्तृत योजनाको दस्तावेज कार्यपालिकाको योजना तर्जुमा समितिमा पेश हुनेछ।

(७) योजना तर्जुमा समितिले तयार गरी कार्यपालिकामा पेश गरेको विस्तृत योजना कार्यपालिकामा छलफल गरी निर्णय प्रक्रियामा समावेश गरिनेछ।

(८) उपदफा (१) वा (२) बमोजिम गठन हुने समिति वा उपसमितिको कार्यक्षेत्र, कार्याविधि र अन्य विषय त्यस्तो समिति, उपसमिति वा कार्यदल गठन गर्दाको बखत तोके बमोजिमहुनेछ।

१४. विस्तृत योजना तर्जुमा समिति :

(१) विस्तृत योजना तर्जुमा गर्न देहाय बमोजिमको विस्तृत योजना तर्जुमा समिति रहनेछ।

| | |
|---|---|
| उपप्रमुख | - संयोजक |
| विषयगत क्षेत्र हेर्ने नगरपालिकाका सदस्यहरू | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| योजना शाखाको प्रमुख | - सदस्य सचिव |

१५. विस्तृत योजना तर्जुमा निर्देशक / समन्वय समिति : विस्तृत योजना तर्जुमा प्रकृयालाई समन्वय र सहिकरण गर्न तथा आवश्यकता अनुसार मार्गनिर्देश गर्न देहाय बमोजिमको समन्वय समिति रहनेछ।

| | |
|---|---|
| नगर प्रमुख | -संयोजक |
| नगर उपप्रमुख | -सदस्य |
| कार्यपालिकाका सवै सदस्यहरू | -सदस्य |
| विषयगत शाखा प्रमुखहरू | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | -सदस्य सचिव |

## परिच्छेद-४
## विविध

१६. योजना कार्यन्वयन गर्ने :
(१) नागरिकको सहभागितामा तर्जुमा भएको विस्तृत योजनालाई नगरपालिकाले वार्षिक, आवाधिक र दिर्घकालीन कार्यक्रममा समावेश गरी कार्यान्वय गर्नेछ।
(२) योजना तर्जुमा र कार्यान्वयनको सम्पूर्ण प्रकृयामा व्यवस्थापकीय लगायतको कार्यका लागि नगरपालिकामा एक योजना शाखा रहनेछ।

१७. सहकार्य गर्न सक्ने :
(१) कार्यपालिकाले योजना तर्जुमा गर्दा आवश्यकता अनुसार विषय विज्ञ र संस्थासंग प्राविधिक सहयोग लिन र सहकार्य गर्न सक्नेछ ।
(२) विज्ञ तथा सरोकारवाला निकायका प्रतिनिधिलाई आवश्यकता अनुसार योजना तर्जुमा वैठकमा आमन्त्रित गर्न सक्नेछ।

१८. समन्वय, सुपरिवेक्षण र कार्यन्वयन :
(१) योजना तर्जुमाका क्रममा नागरिक सहभागिता र छलफल लगायतका प्रक्रियाको समन्वय र सुपरिवेक्षण निर्देशक\समन्वय समितिले गर्नेछ।
(२) कार्यदल, परिषद र विषयगत समितिवाट आएको खाकालाई कार्यपालिकामा छलफल गरी तत्कालीन, मध्यकालीन र दीर्घकालीन योजनाको प्राथमिकिकरणका आधारमा कार्यतालिका बनाई कार्यन्वयन गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ।

१९. कार्यविधिको व्याख्या : यस कार्यविधिमा उल्लेखित कुनै विषयमा द्विविधा उत्पन्न भएमा वा अष्पष्टता रहेमा त्यसको अन्तिम व्याख्या नगर कार्यपालिकाले गर्नेछ। विस्तृत योजना तर्जुमा सम्बन्धमा यस अघि भए गरेका क्रियाकलाप यसै कार्यविधि अनुरुप भए गरेको मानिनेछ ।

२०. कार्यविधि संसोधन तथा खारेजी : यस कार्यविधिका प्रावधानहरूमा कार्यपालिकाले आवश्यक संसोधन र खारेजी गर्न सक्नेछ।

२१. वाधा अड्काउ फुकाउ : स्थानीय सरकार संचालन ऐन, २०७४ र यस कार्यविधिमा व्यवस्था भए वाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय कार्यपालिकाले गर्न सक्नेछ।

२२. प्रचलित कानून बमोजिम हुने : यस कार्यविधिमा उल्लेख नभएका योजना तर्जुमा सम्बन्धि अन्य विषयहरूमा प्रचलित कानूनमा लेखिए बमोजिम हुनेछ।

आज्ञाले,
दमन सिंह चौधरी
प्रमुख प्रशासकीय अधिकृत
टीकापुर नगर कार्यपालिकाको कार्यालय